नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

# २०८१ वैशाख २० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | संवत् २०८१ साल वैशाख २८ गते शुक्रबारका दिन १४.०० बजे सङ्घीय संसदको दुवै सदनको अधिवेशन आह्वान गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। | |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८१ वैशाख २५ मा भारतको नयाँ दिल्लीमा आयोजना हुने Regional Meeting for the launch of the Regional Programme for South Asia (RPSA) विषयक कार्यक्रममा महान्यायाधिवक्ताको कार्यालयका माननीय महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल र नायब महान्यायाधिवक्ता संजीवराज रेग्मीलाई सहभागी हुन स्वीकृति दिने। |
| ३ | अर्थ मन्त्रालय | विश्व बैंकबाट उपलब्ध हुने १०० मिलियन अमेरिकी डलर (करिब १३ अर्ब ३३ करोड रुपैयाँ) बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने। |
| ४ | अर्थ मन्त्रालय | नेपालमा हाल चलनचल्तिमा रहेको रुपैयाँ १००(एक सय) दरको बैङ्क नोटको अग्र भागको पृष्ठभूमिमा रहेको नेपालको नक्साको सट्टा नेपालको नयाँ नक्सा राखी रुपैयाँ १०० दरको बैङ्क नोटको डिजाइन परिमार्जन गर्न स्वीकृति प्रदान गर्ने। |
| ५ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | सिम्बुवा खोला जलविद्युत आयोजनाका लागि करिब १२.३६२ हेक्टर जग्गा प्राप्त गर्नेसम्बन्धी कारबाही चलाउने अधिकारी तोक्ने। |
| ६ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपालको सर्वोच्च अदालत र भारतको सर्वोच्च अदालतबिच न्यायिक सहयोगको क्षेत्रमा सम्पन्न हुने समझदारीपत्र स्वीकृत गर्ने र उक्त समझदारीपत्रमा हस्ताक्षर गर्न सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार वा रजिष्ट्रारलाई स्वीकृति दिने। |
| ७ | गृह मन्त्रालय | भारतमा सञ्चालन भइरहेको आम निर्वाचनको अवलोकनका लागि २०८१ वैशाख २२ देखि २७ सम्म माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाको भारत भ्रमण स्वीकृत गर्ने। |
| ८ | परराष्ट्र मन्त्रालय | नेपाल र स्पेनका परराष्ट्र मन्त्रालयबिच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्नेसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने र समकक्षी मिलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने। |
| ९ | परराष्ट्र मन्त्रालय | जापानी परराष्ट्र मन्त्री H.E. Ms. KAMIKAWA Yoko को मिति २०८१ वैशाख २३ गते हुने नेपाल भ्रमणको अवसरमा हुने द्विपक्षीय वार्ताको लागि नेपाली प्रतिनिधिमण्डल गठन गर्ने र कार्यसूची स्वीकृत गर्ने। |
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | समस्याग्रस्त सहकारी संस्था वा सङ्घको व्यवस्थापन समितिको अध्यक्ष पदमा उच्च अदालतका पूर्वन्यायाधीश श्री श्रीमण कुमार गौतमलाई नियुक्त गर्ने। |
| ११ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | मालपोत कार्यालय, गौशाला र नापी कार्यालय गौशालाको कार्यक्षेत्रमा रहेको महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकालाई उक्त कार्यालयहरूको |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| | | कार्यक्षेत्रबाट हटाई भूमिसुधार तथा मालपोत कार्यालय, जलेश्वर महोत्तरी र नापी कार्यालय, जलेश्वर महोत्तरीको कार्यक्षेत्रमा कायम गर्न स्वीकृति दिने। |
| १२ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | एसियाली विकास बैंकको आयोजनामा फिलिपिन्सको मनिलामा २०८१ जेठ १ देखि ४ सम्म हुने "Asia and the Pacific Transport Forum २०२४" कार्यक्रममा सहभागी हुन पोखरा महानगरपालिकाका नगर प्रमुखको भ्रमण स्वीकृत गर्ने। |
| १३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०५८ खारेज गर्ने। |
| १४ | लोक सेवा आयोग तथा बढुवा समितिको सिफारिसबमोजिम विभिन्न सेवा, समूह र उपसमूहका राजत्राङ्कित द्वितीय श्रेणीका २१ जना अधिकृतहरूलाई सम्बन्धित सेवा, समूह र उपसमूहको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको सहसचिव पदमा नियुक्त गर्ने। | |
| १५ | राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवहरूको देहायबमोजिम सरुवा गर्ने: | |

| क्र. सं. | नाम थर | हालको पद तथा निकाय | सरुवा सिफारिस गरिएको पद तथा निकाय |
|---|---|---|---|
| १ | डा. गणेशप्रसाद पाण्डेय | सचिव; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| २ | डा. गोविन्दप्रसाद शर्मा | सचिव (कृषि विकास); कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सचिव; वन तथा वातावरण मन्त्रालय |
| ३ | डा. दीपककुमार खराल | सचिव; वन तथा वातावरण मन्त्रालय | सचिव (पशुपन्छी विकास); कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ४ | डा. दिपक काफ्ले | सचिव; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सचिव (शिक्षा); शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ५ | डा. रेवतीरमण पौडेल | सचिव (पशुपन्छी विकास); कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सचिव (कृषि विकास); कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ६ | श्री राधिका अर्याल | प्रमुख सचिव; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश | सचिव; उपराष्ट्रपतिको कार्यालय |

# २०८१ वैशाख १३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री सुदर्शनदेव भट्टलाई सो अदालतको कामकाज समेत गर्नेगरी काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ बमोजिमको पुनरावेदन समितिको अध्यक्ष तोक्ने। |
| २ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा, राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री उदयराज सापकोटालाई सत्य निरुपण तथा मेलमिलाप आयोगको सचिव पदमा र सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिव श्री फणीन्द्र गौतमलाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव पदमा सरुवा गर्ने। |
| ३ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवातर्फका १२ जना सहसचिवहरूको न्याय सेवा आयोगको सिफारिसबमोजिम विभिन्न निकायमा सरुवा गर्ने। |
| ४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | बुटवल उपमहानगरपालिका वडा नं. १० मा तोकिएको चारकिल्ला भित्र पशु बधशाला स्थापना गर्न इजाजत दिने। |
| ५ | गृह मन्त्रालय | २०८१ बैशाख १७ देखि २१ सम्म कम्बोडियाको निर्वाचन आयोगको क्षमता विकास कार्यक्रमको अवलोकन गर्न माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधर नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने। |
| ६ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | बाल श्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ को अनुसूचीमा जोखिमपूर्ण व्यवसाय तथा कामहरूको सूची थप गर्ने र सो को सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने। |
| ७ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | विभिन्न सेवा समूहका राजपत्राङ्कित प्रथम श्रेणीका २८ जना सहसचिवहरूको सरुवा गर्ने। |
| ८ | राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० स्वीकृत गर्ने। | |

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं